**मिति २०८०/०८/१५ गते शुक्रबार १४८औं कार्यपालिका बैठक**

**प्रस्तावहरु:**

१. अघिल्लो कार्यपालिका बैठकको निर्णय समीक्षा सम्बन्धमा।
२. स्वास्थ्य लाभको कामना सम्बन्धमा।
३. नगरसभा आव्हान सम्बन्धमा।
४. संघीय समपूरक तथा विशेष योजना छनौट सम्बन्धमा।
५. दीप ज्योति हस्पिटल दाङ प्रा.लि.को भवन निर्माणको प्लिन्थ लेभलसम्मको निर्माण कार्यको म्याद थप सम्बन्धमा।
६. आई.ई.ई. परिमाण स्वीकृत तथा घाटगद्दी गर्ने सम्बन्धमा।
७. बहुवर्षिय ठेक्का आव्हान गर्न स्वीकृती दिने सम्बन्धमा।
८. VO स्वीकृत सम्बन्धमा।(ठेक्का नं. NCB/WORKS/GSMC/16/078/79RE)
९. ठेक्काको म्याद थप सम्बन्धमा।
१०. ठेक्काको पूर्व निर्धारित क्षतिपूर्ति सम्बन्धमा।
११. कित्ता काट सम्बन्धमा।
१२. बजार अनुगमन निर्देशिका २०७५ संशोधन सम्बन्धमा।
१३. सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा।
१४. साझा (सहकारी) संस्थाको ऋण सम्बन्धमा।
१५. वडा नं. ११ को लिफ्ट खानेपानी योजनाका लागि अपुग रकम उपलब्ध गराउने सम्बन्धमा।
१६. वडा नं. १९ श्री भगवती मा.वि. होडवाङमा खानेपानीका लागि टयाङ्की उपलब्ध गराउने सम्बन्धमा।
१७. आर्थिक सहयोग सम्बन्धमा।

- नेपाल कम्युनिष्ट पार्टी (मशाल)लाई भैलो खेलेको रकम भुक्तानी सम्बन्धमा
- किरिया खर्च सहयोग।(वडा नं. ६ र १२)
- श्री जनता माध्यामिक विद्यालय बुकालाई सरस्वती मन्दिर निर्माणका लागि सहयोग
- गोरक्षपात्रदेवता श्री सिद्धिरत्ननाथ देवीपाटन महायात्रा कार्यक्रमका लागि सहयोग।
- दाङ जिल्ला अन्तर स्कुल हाप्किडो प्रतियोगिता २०८०संचालनका लागि सहयोग।
- मंगोल नेशनल अर्गनाइजेशन जिल्ला सभा दाङलाई छैठौं राष्ट्रिय महाधिवेशनका लागि सहयोग रकम उपलब्ध गराउने सम्बन्धमा।
- युवा नमुना सांसद कार्यक्रमका लागि सहयोग रकम उपलब्ध गराउने सम्बन्धमा।
- १०औं विश्व च्याम्पियनसिपमा भाग लिन जानका लागि खेलाडीलाई सहयोग सम्बन्धमा।
- अपाङ्ग मानव अधिकार एवं सरोकारमञ्च नेपाललाई अपाङ्ग दिवस मनाउनका लागि आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा।
- निकिता वलीलाई अध्ययन शोधकार्यका लागि सहयोग।

**निर्णय नं. १**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिका वडा नं. १७ का वडा अध्यक्ष मोटरसाइकल दुर्घटनामा परी खुट्टामा गम्भिर चोट लागि घाइते हुनुभएकोले उहाँको शीर्घ स्वास्थ्य लाभको कामना गरियो।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकाको नगरसभाको १४औं अधिवेशन (हिंउदे) मिति २०८० साल पौष ११ गते बुधबार दिनको १ बजे आव्हान गर्ने ।

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिकामा आ.व. ०८१/०८२को लागि तपसिल बमोजिमका आयोजनाहरु संघ सरकारको विशेष अनुदान एवं समपुरक अनुदान सहायता अन्तर्गत सञ्चालन गर्न विशेष अनुदान सम्बन्धी कार्यविधि(तेस्रो संशोधन) २०७७ को अनुसूची-१ एवं समपूरक अनुदान सम्बन्धी कार्यविधि(तेस्रो संशोधन) २०७७ को अनुसूची-१ बमोजिमको ढाँचामा राष्ट्रिय योजना आयोगमा माग गरी पठाउने ।

**१. संघ समपूरक अनुदान अन्तर्गत सञ्चालन हुने आयोजनाहरु**

| सि.नं. | आयोजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | कटुवा खोला गैरागाउँ सडक स्तरउन्नती | ५० लाख | |
| २ | भानपुर थारुगाउँदेखि बालापुरहुँदै निमुरिया जाने सडक स्तरउन्नती | १ करोड | |

**२. संघ विशेष अनुदान अन्तर्गत सञ्चालन हुने आयोजनाहरु**

| सि.नं. | आयोजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | जनता मा.वि. बुकामा कभर्ड हल निर्माण वडा नं. २ | ७५ लाख | |
| २ | ढुङ्गाहान्नेमा खानेपानी योजना निर्माण वडा नं. २ | २५ लाख | |
| ३ | गुरवै खानेपानी आयोजना निर्माण वडा नं. १२ | २५ लाख | |
| ४ | मुसोट खोलामा खानेपानी आयोजना वडा नं. ३ | २५ लाख | |

**निर्णय नं. ५**

दीप ज्योति हस्पिटल दाङ प्रा.लि.ले घोराही उपमहानगरपालिका (साविक हरिद्वार गा.वि.स. वडा नं. ६ क)वडा नं १७ मा १०० शैया युक्त अस्पताल पूर्वाधार निर्माणका लागि मिति २०७७।०३।२८ गते यस कार्यालयबाट Plinth लेभलसम्मको निर्माण कार्यको लागि इजाजत दिइएकोमा कोभिड १९को पहिलो, दोस्रो लहर तथा लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय(पूर्वाधार विकास)को लागि मनसायपत्र लिने कार्यमा ढिलाइ हुन गई मिति २०७९।१२।२० गते मात्र मनसाय पत्र प्राप्त भएको कारण निर्माण कार्यमा ढिलाई हुन गएको भनि म्याद थपका लागि दीप ज्योति हस्पिटल दाङ प्रा.लि.को च.नं. ११, मिति २०८०।०४।२८ गतेको पत्रबाट अनुरोध भई आएकोले उक्त हस्पिटलको भवन निर्माण गर्नु पर्ने अवधि २ वर्ष थप गर्ने।

**निर्णय नं. ६**

घोराही उपमहानगरपालिका अन्तर्गत विभिन्न खोलानालाहरुबाट नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) उत्खनन, संकलन, बिक्री तथा आयोजनाहरुमा प्रयोगका लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनमा उल्लेख भएका घाट र परिमाण स्वीकृत गर्ने साथै उक्त आई.ई.ई. गरिएका खोला घाटबाट नदीजन्य पदार्थ उत्खनन गरी प्रयोग तथा बिक्रि गर्ने सम्बन्धमा घोराही उपमहानगरपालिका तथा वडाबाट संचालन गरिने पूर्वाधार सम्बन्धी योजनाका लागि आवश्यक नदीजन्य पदार्थ तपसिल बमोजिमको स्थानमा घाटगद्दी गरी प्रयोग गर्ने।

**तपसिलः**

१. वडा नं. १८ शंकेपिपल।
२. वडा नं. १७ क्वाडीदेखि दक्षिणतर्फको भागमा।
३. ८ नं. वडा कार्यालय परिसर भित्र।
४. ९ नं. वडा कार्यालय परिसर भित्र।

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिकाको नगरसभाको १३औं अधिवेशनबाट आ.व. २०८०/८१का लागि स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत चमैसोतामा कल्भर्ट निर्माण, वडा नं. ५ फुलबारी टोलमा भत्केको कल्भर्ट निर्माण, वडा नं. ५ त्रिवेणी टोलदेखि नमुना टोलको हवल्दार टोल छिर्ने बाटोमा ह्युमपाइप राखेको स्थानमा कल्भर्ट निर्माण, घोराही रोलवाङ स्वर्गद्वारी सडक  अन्तर्गत साघुरो खोलामा कल्भर्ट निर्माण, वडा नं. ६ सरैयामा कल्भर्ट तथा पक्की कुलो निर्माण, लख्वार निमबहादुर चौधरीको घर नजिक पक्की कुलो निर्माण, वडा नं. ६ बचाहामा कल्भर्ट निर्माण, ग्याबिन जाली लगाउने र ह्युमपाइप साईफोन निर्माण कार्य कार्यान्वयनका लागि स्वीकृत बजेट ४१,००,०००।—(एक्चालीस लाख) रहेकोमा उक्त योजनाहरु सम्पन्न गर्न लाग्ने लागत अनुमान रकम रु.२,११,४०,८३३।८४ आएकोले अपुग रकम आगामी आ.व. २०८१/०८२को बजेटबाट बाँकी रकम भुक्तानी हुने गरी बहुवर्षीय ठेक्का आव्हान गर्न स्वीकृती दिने।

**निर्णय नं. ८**

ठेक्का नं. NCB/WORKS/GSMC/16/078/79 गोग्ली मा.वि.देखि लक्ष्मीपुर जाने बाटो पिच(निरन्तरता), पुरानो वडा कार्यालय हुँदै नारायणपुर थारुगाउँ हुँदै वनगाउँ जोड्ने बाटो  निरन्तरता, बटलपुरदेखि १२ नं. वडा कार्यालय जोड्ने बाटो सडक पिच, वि.पि. मार्ग सुर्केडाँगी निरन्तरता र सौरी बेलुवा थारुगाउँ बाटो निरन्तरता गर्ने कार्यको लागि निर्माण कम्पनी मष्ट बराह इन्फास्ट्रक्चर्स प्रा.लि. का.म.पा. १० विच सम्झौता अनुसार कबोल ठेक्का रकम रु.१,३०,११,८३५।४८ मात्र भ्याट सहितमा टेण्डर स्वीकृत भएकोमा उक्त योजना अन्तर्गत पुरानो वडा कार्यालय हुँदै नारायणपुर थारुगाउँ हुँदै वनगाउँ जोडने बाटो निरन्तरता सडक इस्टिमेट अनुसार १०५ मिटर लम्बाई रहेको तर फिल्डमा १३८ मिटर रहेकोले पहिलेको Quantity मा फेरबदल भई VO1 गर्नुपर्ने  अत्यावश्यक भएको भनि प्राविधिक प्रतिवेदन पेश हुन  आएको हुँदा पहिले स्वीकृत Item मा फरक नपर्ने गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ (५) बमोजिम गठित विषेशज्ञहरुको समूहको सिफारिसमा मेजर आइटम Sub base, WBM, Primming Coat, Tack Coat, Asphalt Quantity भन्दा बढी हुन गई शुरु कबोल अंकमा भ्याट सहित टेण्डर स्वीकृत भएको रकममा ४.७४ प्रतिशत बढीको VO1 स्वीकृत गर्ने ।

**निर्णय नं. ९**

घोराही उपमहानगरपालिका क्षेत्रभित्र योजना निर्माणका लागि विभिन्न मितिमा सम्झौता भई सञ्चालित योजनाहरु विविध कारणले समयमै सम्पन्न हुन नसकेका कारण योजनाहरुको बोलपत्रदाताबाट म्याद थपका लागि निवेदन प्राप्त गरी व्यहोरा अध्ययन गरी पूर्वाधार विकास महाशाखाबाट पेश भएका ठेक्का यस घोराही उपमहानगरपालिकालाई आर्थिक व्ययभार नपर्ने गरी सार्वजनिक खरिद नियमावली २०६४ (बाह्रौ संशोधन २०७९) को नियम १२० क र मिति २०८०।०३।२१ मा प्रकाशित सार्वजनिक खरिद (बाह्रौं संशोधन) नियमावली २०७९को बाधा अड्काउ फुकाउने आदेश अनुसार तपसिल बमोजिमको योजनाको म्याद थप गर्ने ।

**तपसिलः**

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | थप भएको म्याद |
|---|---|---|---|---|---|---|
| १ | NCB/WORKS/GSMC/16/079/080 | चारकोठे भवन मा.वि. बालविकास नयाँबजार वडा नं. १४ | राना ब्रदर कन्स्ट्रक्सन | २०८०।०२।१७ | २०८०।०३।३१ | २०८०।१२।१६ |
| २ | NCB/WORKS/GSMC/16/078/079RE | गोग्ली मा.वि.देखि लक्ष्मीपुर जाने बाटो पिच(निरन्तरता), पुरानो वडा कार्यालयहुँदै वनगाउँ जोडने बाटो निरन्तरता, बटलपुरदेखि १२ नं. वडा कार्यालय जोड्ने बाटो सडक पिच, वि.पि. मार्ग सुर्केडाँगी निरन्तरता र सौरी बेलुवा थारु गाउँ बाटो निरन्तरता | मष्ट बराह इन्फास्ट्रक्चर्स प्रा.लि. का.म.पा. १० | २०७९।०३।१६ | २०८०।०३।३२ (पहिलो पटक म्याद थप भएको मितिः २०८०।०३।१५) | २०८१।०२।३० (दोस्रो पटक म्याद थप गरिएको) |
| ३ | NCB/WORKS/GSMC/20/077/078 | १५ शैया हस्पिटल भवन निर्माण | राजेन्द्र निर्माण सेवा प्रशुराम न.पा. ४ धनगढी कैलाली | २०७८।०३।२८ | २०७९।०८।२९ | २०८१।०३।३१ |
| ४ | NCB/WORKS/GSMC/03/078/079 | खिरिटियादेखि ६ नं. वडा कार्यालयसम्म सडक पिच निर्माण | बराह क्षेत्र/हरितारा कन्स्ट्रक्सन जे.भी. | २०७८।१०।०७ | २०७९।०३।३२ | २०८०।०९।३० |
| ५ | NCB/WORKS/GSMC/15/079/080 | सडक बोर्ड अन्तर्गत विभिन्न पिच सडक मर्मत। | राजन निर्माण सेवा घोराही १५ | २०८०।०१।२७ | २०८०।०३।३० | २०८०।०८।३० |

**निर्णय नं. १०**

घोराही उपमहानगरपालिकाबाट संचालित ठेक्का नं. NCB/WORKS/GSMC/05/078/079 घोराही १७ लख्वारे कुलोदेखि धर्नासम्म सडक विस्तार तथा पिच (थारु कल्याणकारी भवनदेखि गैरागाउँ चोकसम्म) निर्माण कार्यको लागि यस कार्यालय र सोहन/आबा(जे.भि.) विच मिति २०७८।१०।०७ मा खरिद सम्झौता भएकोमा निर्माण व्यवसायीबाट उक्त कार्य सम्पन्न गर्न नसकेकोले पटक पटक मौखिक तथा मिति २०७९।०३।०६ च.नं. ६७७९मा पत्राचार गरिएकोमा निर्माण व्यवसायीबाट कुनै प्रतिकृया नजनाएको, यस कार्यालयबाट मिति २०७९।१२।१७ मा प्रथम पटक राष्ट्रिय दैनिक पत्रिकामा निर्माण कार्यको म्याद सकिन लागेको भएको हुँदा कुनै मनासिव कारण भएमा ७ दिन भित्र विश्वसनीय स्पष्टीकरण सहित कार्यालयमा उपस्थित हुन भनि सूचना प्रकाशीत गरिएको, दोस्रो पटक २०८०।०३।१९ मा राष्ट्रिय दैनिक पत्रिकामा निर्माण व्यवसायीसँग भएको ठेक्का सम्झौता बमोजिम ठेक्का किन नतोड्ने? ठेक्का तोडनु नपर्ने कुनै मनासिव कारण भएमा ७ दिन भित्र विश्वसनीय स्पष्टीकरण सहित कार्यालयमा उपस्थित हुन भनी सूचना प्रकाशीत गरी निर्माण व्यवसायी उपस्थित नभएमा खरिद सम्झौता तोडने समेतको जानकारी गराइएकोमा सोको कुनै प्रतिकृया नआएको हुनाले २०८०।०३।१९ बाटै लागू हुने गरी सार्वजनिक खरिद नियमावली २०६४(बाह्रौ संशोधन) को नियम १२१ क र ठेक्का सम्झौतामा भएको प्रावधान GCC 55, SCC 55.1 मा भएको प्रावधान बमोजिम प्रतिदिन सम्झौता रकमको ०.०५% प्रतिशतको दरले सम्झौता रकमको अधिकतम १० % सम्म रकम सरकारी बाँकि सरह असुल उपर गर्ने गरि दैनिक ३,९३७.३९४ का दरले अधिकतम २०० दिनसम्मको जम्मा रु.७,८७,४७८।८(सात लाख सतासी हजार चार सय अठहत्तर र आठ पैसा) पूर्व निर्धारित क्षति पूर्ति लिई मिति २०८०/१०/०७ सम्मको म्याद थप गर्ने।

**निर्णय नं. ११**

घोराही उपमहानगरपालिका वडा नं. ४ बस्ने विनोद अधिकारीको नाममा दर्ता श्रेष्ता भएको साविक लक्ष्मीपुर ४क कि.नं. ९५६ को ज.वि. ८.४६ भएको जग्गामा घर निर्माण गर्ने क्रममा भुलवस ऐ. ऐ. बस्ने उषारमण शर्माको नाममा दर्ता स्रेस्ता रहेको साविक लक्ष्मीपुर ४क कि.नं. ५३७ रहेको जग्गा विनोद अधिकारीले निर्माण गरेको घरले च्यापेको विषयमा दुवै पक्ष विच ४ नं. वडा कार्यालयमा वडा अध्यक्षको रोहवरमा मिति २०७९ साल मार्ग २७ गते भएको छलफलमा विनोद अधिकारीको नाममा दर्ता श्रेष्ता भएको कि.नं. ५४८ को सम्पूर्ण जग्गा उषारमण शर्मालाई दिने र उषारमण शर्माको च्यापिएको कि.नं. ५३७ को जग्गाबाट घर निर्माण भएको जग्गाको पूर्वतर्फ घरको टप छोडी २ हात जग्गा उषारमण शर्माले विनोद अधिकारीलाई दिने मन्जुर भई मिलापत्र गरेको हुँदा उक्त च्यापिएको जग्गा सहित थप २ हात जग्गा उषारमण शर्मालाई दिन कित्ताकाटका लागि भूमिसुधार तथा मालपोत कार्यालय दाङमा सिफारिस गर्ने।

**निर्णय नं. १२**

घोराही उपमहानगरपालिकाको उपभोक्ता हित संरक्षण शाखाबाट पेश भएको बजार अनुगमन निर्देशिका २०७५(दोस्रो संशोधन २०८०) संशोधन प्रस्ताव पारित गर्ने।

**निर्णय नं. १३**

सुरक्षित नागरिक आवास कार्यक्रमतर्फ पहिलो किस्ता लिई दोस्रो किस्ता रकम माग नगरेका लाभग्राहीहरुको माग नगर्नुको कारण सहित विस्तृत विवरण वडा कार्यालयबाट प्राप्त गरी प्रतिवेदन पेश गर्न वातावरण तथा विपद व्यवस्थापन शाखालाई निर्देशन दिने।

**निर्णय नं. १४**

साझा (सहकारी) संस्था ऋणको विषयमा समस्या समाधानका लागि घोराही उपमहानगरपालिकाको सहकारी तथा रोजगारी प्रवर्द्धन शाखालाई विस्तृत विवरण तयार गरी प्रतिवेदन पेश गर्न निर्देशन दिने।

**निर्णय नं. १५**

घोराही उपमहानगरपालिकाको वडा नं. ११ नयाँबस्तीमा लिफ्ट खानेपानी योजना अन्तर्गत एक घर एक धाराका लागि टंकी निर्माण गरी पाइप लाइन जडान भईसकेको र विद्युत जडानका लागि आवश्यक रकम रु.२५,०००।— अपुग हुन गएकोले उक्त योजना सम्पन्न गर्न आवश्यक अपुग रकम रु.२५,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट भुक्तानी दिने।

**निर्णय नं. १६**

घोराही उपमहानगरपालिका वडा नं. १९ स्थित श्री भगवती मा.वि. होडवाङको विद्यालयमा दुईकोठे भवन निर्माण गर्ने क्रममा खानेपानी ट्याङ्कीमा क्षति पुगी खानेपानी समस्या भएकोले तत्काल खानेपानी समस्या समाधानका लागि १००० लि.को हिल ट्याङ्की घोराही उपमहानगरपालिकाको शैक्षिक संस्थाहरुलाई सहायता शीर्षकबाट खर्च हुनेगरी आन्तरिक व्यवस्थापन शाखाबाट खरिद गरी विद्यालयलाई उपलब्ध गराउने।

**निर्णय नं. १७**

घोराही उपमहानगरपालिकामा निम्न व्यक्ति तथा संस्थाबाट आर्थिक सहयोग माग भै आएको हुँदा देहाय अनुसार आर्थिक सहयोग रकम घोराही उपमहानगरपालिकाको तपसिल बमोजिमको शीर्षकबाट उपलब्ध गराउने उपलब्ध गराउने।

**तपसिलः**

| सि.नं. | व्यक्ति, संस्था तथा कार्यक्रम | सहयोग रकम/शीर्षक | कैफियत |
|---|---|---|---|
| १ | नेपाल कम्युनिष्ट पार्टी (मशाल) घोराही उपमहानगर समिति दाङ | रु.२०,०००।-<br>अन्य संस्था सहायता | भैलो खेले वापतको रकम भुक्तानी। |
| २ | तिलक बहादुर बहकरी<br>घोराही उपमहानगरपालिका वडा नं. १२ | रु.१५,०००।-<br>अन्य संस्था सहायता | मृतकको परिवारलाई किरिया खर्चका लागि सहयोग। |
| ३ | ज्ञान बहादुर नेपाली<br>घोराही उपमहानगरपालिका वडा नं. ६ | रु.१५,०००।-<br>अन्य संस्था सहायता | मृतकको परिवारलाई किरिया खर्चका लागि सहयोग। |
| ४ | श्री जनता माध्यामिक विद्यालय<br>घोराही उपमहानगरपालिका वडा नं. २ बुका | रु.५०,०००।-<br>शैक्षिक संस्थाहरुलाई सहायता | सरस्वती मन्दिर निर्माणका लागि सहयोग। |
| ५ | गोरक्षपात्र देवता श्री सिद्धरत्ननाथ देवी पाटन व्यवस्थापन तथा सञ्चालन समिति २०८० | रु.५०,०००।-<br>धार्मिक तथा साँस्कृतिक संस्था सहायता | गोरक्षपात्र देवता श्री सिद्धरत्ननाथ देवी पाटन महायात्रा कार्यक्रमका लागि। |
| ६ | दाङ जिल्ला हाप्किदो संघ घोराही दाङ | रु.३०,०००।-<br>अन्य संस्था सहायता | दाङ जिल्ला अन्तर स्कुल हाप्किदो प्रतियोगिता २०८० संचालनका लागि। |
| ७ | मंगोल नेशनल अर्गनाइजेशन जिल्ला सभा दाङ | रु.१५,०००।-<br>अन्य संस्था सहायता | केन्द्रीय सभाको छैठौं राष्ट्रिय महाधिवेशनका लागि सहयोग। |

| | | | |
|---|---|---|---|
| ८ | युवा नमूना संसद कार्यक्रम | रु.१०,०००।-<br>अन्य संस्था सहायता | रझेना मा.वि.का कानून संकायका विद्यार्थीले आयोजना गरेको कार्यक्रम |
| ९ | ➢ प्रदिप चन्द<br>प्रशिक्षक (ए.बि. फिटनेश सेन्टर वडा नं. १०)<br>➢ प्रतिक चौधरी<br>प्रशिक्षक(क्रियटिभ फिटनेश सेन्टर वडा नं. १५) | प्रतिखेलाडी<br>रु.२५,०००।-<br>अन्य संस्था सहायता | भारतको हैदरावादमा हुन गइरहेको अन्तराष्ट्रिय प्रतियोगिता १०औं विश्व च्याम्पियनशिपमा सहभागी हुने खेलाडीका लागि सहयोग। |
| १० | अपाङ्ग मानव अधिकार एवं सरोकार मञ्च, नेपाल केन्द्रीय कार्यालय घोराही दाङ। | रु.१४,०००।-<br>गैर वित्तीय व्यवसायहरुलाई चालु सहायता | ३२औं अन्तराष्ट्रिय अपाङ्गता दिवस मनाउनका लागि सहयोग। |
| ११ | निकिता वली MSc. Environment, IV Semester<br>T.U. Registration No: 5-2-37-1496-2016 | रु.१५,०००।-<br>अन्य संस्था सहायता | अध्ययन शोधकार्यका लागि |